# जिल्ला विकास समितिको कार्यालय
नेपालगञ्ज, बाँके ।

## आ.व. २०७२/०७३ को योजना तर्जुमा गर्ने क्षेत्रगत मार्गदर्शन

**(क) स्थानीय विकास तथा स्वायत्त शासन**

१. स्थानीय निकायको पुँजीगत शीर्षकबाट उपभोग खर्च र कार्यालय सञ्चालन खर्चहरु गर्न, अन्य प्रयोजनको लागि रकमान्तर गर्न वा धरौटी राख्न, कुनै पनि प्रकारका राजनैतिक दल तथा तिनका भातृ/भगिनी संगठन, संघ संस्था वा व्यक्ति आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता वा अनुदान प्रदान गर्न, दामासाही वा भागवण्डाको हिसावले रकम बाँडफाँड गर्न, स्थानीय परिषद्बाट निर्णय नभएका कार्यक्रमहरुमा खर्च गर्न, आर्थिक सहायता गर्न, चन्दा एवं पुरस्कार सम्बन्धी खर्च गर्न सकिने छैन ।

२. बार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा हाल निर्वाचित जनप्रतिनिधि नभएको अवस्थालाई दृष्टिगत गरी वडा नागरिक मञ्चबाट वडा समिति हुँदै सहभागितामूलक योजना प्रकृया वमोजिम अग्रीम योजना तयार गर्ने ।

३. वार्षिक विकास योजना तर्जुमा गर्दा जिल्ला विकास समिति र जिल्ला स्थित विषयगत कार्यालयका सम्पूर्ण कार्यक्रमहरुलाई समेटी एकीकृत रुपमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने छ । यस कार्यमा विषयगत निकायहरुले आवश्यक प्राविधिक सहयोग जिल्ला विकास समितिलाई उपलब्ध गराउनु पर्ने छ ।

४. वार्षिक विकास कार्यक्रम तयार गर्दा पूर्वाधारतर्फ निर्माणाधीन अधुरा योजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमलाई प्राथमिकता दिने । पूर्वाधार (सडक, खानेपानी, विद्युत, सिंचाई आदि) तर्फका नयाँ योजना तथा कार्यक्रमलाई वार्षिक विकास कार्यक्रममा समावेश गर्दा निश्चित मापदण्डको आधारमा प्राथमिकीकरण गरी प्राथमिकताको आधारमा उपलब्ध श्रोतबाट सम्पन्न हुने गरी वार्षिक विकास कार्यक्रममा समावेश गर्ने ।

५. स्थानीयस्तरका योजना/कार्यक्रम सञ्चालन गर्नका लागि सकभर हाल कार्यरत उपभोक्ता समूहहरुलाई प्रयोग गर्ने । समूह नै नभएको अवस्थामा वा भईरहेको समूहले सन्तोषजनक रुपमा कार्य सम्पन्न नगरेको पाईएमा मात्र नयाँ समूह गठन गर्ने ।

६. जिल्ला स्थित विषयगत कार्यालयहरुबाट अनिर्वाय रुपमा जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (DPMAS) अनुरुपका सूचकहरुको प्रगति लिई जिल्ला सूचना तथा विश्लेषण अभिलेख केन्द्रमा रहने DPMAS Software मा उक्त सूचनाको प्रवृष्टि गरी प्रशोधन तथा विश्लेषण गर्ने अनिवार्य व्यवस्था मिलाउने ।

७. महिला, दलित एवं विपन्न वर्गलाई प्रत्यक्ष लाभ पुग्ने खालका वातावरण मैत्री सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।

८. स्थानीय निकाय तथा विषयगत कार्यालयहरुले योजनाहरु छनौट गर्दा विपद व्यवस्थापनको मूलप्रवाहीकरण गर्ने र स्थानीय स्तरमा विपद/जोखिम व्यवस्थापनको लागि स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा र्निशिका २०६८ को वमोजिम योजना तर्जुमा तथा कार्यान्वयनको व्यवस्थापन गर्ने ।

९. स्थानीय देखि जिल्लास्तर सम्म पूर्वाधार विकास सम्बन्धी कार्य गर्ने निकायहरुले विपद व्यवस्थापन कोष छुट्टयाई रकमको व्यवस्थापन गर्ने ।

**(ख) शिक्षा क्षेत्र**

१. "साक्षर नेपाल" अभियानलाई सफल पार्दै स्थानीय आवस्यकता अनुरुपका जीवनोपयोगी सीपसँग शिक्षा प्रणालीलाई आवद्ध गरी लक्षित समुदायको पहुँचमा पुऱ्याउने, निरन्तर शिक्षाका अवसरहरुको सिर्जना गर्ने र सबै प्रमुख सरोकारवालाहरुसँगको सहकार्यमा कार्यान्वयन गर्ने दृष्टिकोण लिई कार्यक्रम तर्जुमा गर्ने ।

२. "प्रारम्भिक वाल विकास" मा वढी प्राथमिकता दिई यसमा स्थानीय निकाय, गैर सरकारी सँस्थाहरु तथा समुदायको अग्रसरतालाई प्रोत्साहन गर्दै माग एवं औचित्यको आधारमा सन्तुलित र समावेशी ढङ्गले विस्तार गर्ने, व्यवस्थापनलाई प्रभावकारी बनाउने, आधुनिक वालमैत्री विधिहरुको अवलम्वन गर्ने र सहजकर्ताको क्षमता विकासमा जोड दिई कार्यक्रम तयार गर्ने ।

३. शैक्षिक तथ्याङ्कलाई यथार्थपरक बनाउन हालको तथ्याङ्क प्राप्त गर्ने विधि तथा व्यवस्थापन प्रकृयाको पुनरावलोकन गर्दै अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्ने, विश्वसनीय एवं प्रभावकारी शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकास र उपयोग गर्ने दृष्टिकोण लिई कार्यक्रम तयार गर्ने ।

**(ग) उर्जा क्षेत्र**

१. विद्युत रोयल्टी प्राप्त गर्ने जि.वि.स. ले विद्युत रोयल्टी वापतको रकम सम्पूर्ण जिल्लाको विद्युतीकरण सम्पन्न नहुन्जेलसम्म ग्रामीण विद्युतीकरणमा विनियोजन गर्ने ।

२. सामुदायिक विद्युतीकरण अन्तर्गत समुदायले बुझाउने (२०% देखि १०%) रकम तिरेको संस्थाका लागि समेत नेपाल सरकारले विनियोजन गर्नुपर्ने वजेट (८०%, ९०%) विनियोजन गर्न नसकिएकोले हाललाई समुदायबाट रकम नलिने व्यवस्था मिलाउने ।

**(घ) वन तथा भू संरक्षण क्षेत्र**

१. विपद जोखिम न्यूनीकरणका कार्यक्रमहरुलाई वन क्षेत्रका जिल्लास्तरका कार्यक्रमहरुमा मूलप्रवाहीकरण गर्दै जान विपद व्यवस्थापन चक्रको प्रत्येक चरणलाई सम्वोधन गर्ने कार्यक्रमहरु समेत प्रस्ताव गर्ने ।

२. प्रत्येक जिल्ला वन कार्यालयहरुले आ-आफ्नो जिल्ला भित्र भएका वन अतिक्रमणको विस्तृत लगत तयार गर्ने जसमा अतिक्रमण गर्ने व्यक्ति, संघ संस्थाको नाम, थर र ठेगाना तथा निजले अतिक्रमण गरेको वन क्षेत्रको क्षेत्रफल र स्थान समेत स्पष्ट खुल्ने गरी लगत तयार गर्ने ।

३. बाटोघाटो, सिंचाई, नहर लगायतका भौतिक पूर्वाधार निर्माण गर्दा भू-क्षय नहुने, पानी मुहान एवं वन तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी सञ्चालन गर्नु पर्नेछ । यदि भू-संरक्षण एवं वन तथा वातावरणमा प्रतिकूल असर पर्ने देखिएमा त्यसको न्यूनीकरण तथा रोकथामको लागि आवश्यक पर्ने वजेट तथा कार्यक्रम सम्बन्धित भौतिक पूर्वाधार निर्माण गर्ने निकायले स्थानीय जिल्ला वन कार्यालय वा जिल्ला भू-संरक्षण कार्यालयसँग समन्वय गरी वन तथा वातावरण संरक्षणसँग सम्वधित कृयाकलाप भौतिक पूर्वाधार निर्माणकै कार्यक्रम भित्र समावेश गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।

**(ङ) कृषि तथा सहकारी क्षेत्र**

१. गरिब, दलित, जनजाती, मधेशी, उत्पीडित, सिमान्त एवं कृषि श्रमिकहरुको संख्या तथा विवरण तयार गरी उनीहरुको जीविकोपार्जनमा सुधार गर्न आय तथा रोजगार उपलब्ध गराउने खालका लक्षित समूहमुखी कार्यक्रमहरुको पनि पहिचान गरी कार्यान्वयन गराउने दृष्टिबाट खाद्य सुरक्षा बढाउन प्याकेजकै रुपमा कार्यक्रम तर्जुमा गराउने ।

२. कृषि उपज उत्पादनको वृद्धि तथा सहज वजारीकरणको लागि वजार तथा मूल्य श्रृंखलाका विभिन्न सरोकारवाला पक्षहरुसँग छलफल गरी त्यसको निष्कर्षको आधारमा मूल्य अभिवृद्धिका कार्यक्रमहरु तर्जुमा गर्ने ।

३. सम्भाव्य स्थानहरुमा फलफूल, तरकारी, पशु र मत्स्य उत्पादन पकेट क्षेत्रहरुको विकास गर्न जिल्ला विकास समितिको कृषि तथा ग्रामीण सडक कार्यक्रम, जिल्ला स्थित सिंचाई कार्यालयको कार्यक्रम, स्थानीय निकाय, कृषि विकास कार्यालय र पशु सेवा कार्यालयको संयुक्त प्रयास एकीकृत कार्यक्रम तर्जुमा गर्ने ।

४. आयोजना छनौट गर्दा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिमा व्यवस्था भए वमोजिमका कृषि तथा पशु सेवा क्षेत्रसँग सम्बन्धित आयोजनाहरु छनौट गर्नुपर्ने । यसरी आयोजना। कार्यक्रम छनौट गर्दा सम्बन्धित निकायहरुको सहभागिता र समन्वयमा छनौट गर्ने व्यवस्था मिलाउने ।

५. आम्दानी तथा रोजगारी बढाउने किसिमका कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

६. विषादिरहित तरकारी तथा फलफूल उत्पादनको लागि IPM तथा प्राङ्गारिक खेती प्रविधि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

७. विशेष कृषि उत्पादनको पकेट क्षेत्र पहिचान गरी त्यस्ता क्षेत्रको प्रवर्द्धन गर्ने खालका कार्यक्रम तर्जुमा गर्ने ।

**(च) सडक क्षेत्र**

१. केन्द्रीयस्तरका सडकका विभिन्न क्रमानुगत सडक आयोजनाहरुको वर्गीकरणमा समावेश भएका योजनाहरु दोहोरिएको पाइएमा कुनै एक मात्र कार्यान्वयन गर्ने । यसका लागि सडक विभाग र स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग (डोलिडार) बीच जिल्ला एवं केन्द्रीयस्तरमा प्रभावकारी समन्वय गर्ने व्यवस्था मिलाउने ।

२. दुई वा सो भन्दा बढी जिल्ला जोड्ने सडकहरु र आर्थिक केन्द्र जोड्ने सडकहरु सडक विभागबाट र अन्य सडकहरु डोलिडारबाट कार्यान्वयन गर्ने ।

३. क्रमानुगत सडक योजनाहरुलाई कम्तीमा ग्राभेलस्तरमा निर्माण गरे पश्चात मात्र जिल्ला सडकका नयाँ गुरु योजनामा परेका योजनाहरु मात्र समावेश गर्ने व्यवस्था मिलाउने ।

**(छ) स्वास्थ्य क्षेत्र**

१. नयाँ स्थापना हुने विभिन्न विद्याका स्वास्थ्य सेवाहरु (जस्तै आर्युवेद, होमियोप्याथी, न्यूरोप्याथी, आम्ची, एकुपन्चर) लाई एउटै स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने गरी योजना गर्ने र यसको लागि जिल्लास्तर र प्राथमिक स्वास्थ्य केन्द्रस्तरसम्म यो कार्य शुरु गर्ने ।

२. भवन तथा अन्य निर्माण क्रियाकलापको हकमा वहुवर्षीय निर्माण हुने हो भन्ने अनिवार्य रुपमा गुरु योजनासहित पेश गर्नु पर्नेछ ।

३. जिल्लास्तरमा सञ्चालित क्रियाकलापहरुको आवश्यकता तथा औचित्यताको वारेमा अध्ययन अनुसन्धानका लागि समेत कार्यक्रम तथा बजेट समावेश गर्ने ।

**(ज) महिला तथा वालवालिका विकास क्षेत्र**

१. शहस्राब्दी विकास लक्ष्यहरु तथा सार्क विकासका लक्ष्यहरु नेपाल पक्ष भएका महिला, वालवालिकासँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा उल्लेख भएका बिषयमा राष्ट्रिय दायित्व पूरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गर्नुपर्नेछ ।

२. महिलालाई प्रत्यक्ष लाभ पुग्ने खालका वातावरण मैत्री सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।

३. जिल्ला स्तरका कार्यालयहरुबाट बन्ने वजेट तथा कार्यक्रमहरुलाई वालमैत्री, अपाङ्गमैत्री तथा लैंगिकमैत्री बनाउने ।

४. बाँके जिल्लाको महिला तथा वालवालिका सम्बन्धी पाँच वर्षे रणनीतिक योजनालाई कार्यान्वयन गर्ने किसिमका कार्यक्रमलाई प्रामिकता दिने ।

(झ) खानेपानी तथा सरसफाई क्षेत्र

१. वि.सं. २०७२ सम्ममा बाँकेलाई खुल्ला दिशामुक्त जिल्ला घोषणा गर्ने अभियानमा सहयोग पुग्ने कार्यक्रम तथा योजना तर्जुमा गर्ने ।

२. सबै समुदाय तथा घरसम्म खानेपानी तथा सरसफाईको पहुँच पुऱ्याउन आर्थिक अवस्था कमजो भएका र पिछडिएका समुदायको वसोवास भएको क्षेत्रमा सामुदायिक शौचालय निर्माणमा प्राथमिकता दिने ।

## बांके जिल्लाको आ.व. २०७२/०७३ को लागि वजेट सिलिङ

### क). नेपाल सरकारबाट प्राप्त हुने केन्द्रिय अनुदान तर्फ *(संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको)*

| क्र. सं. | कार्यक्रम | बार्षिक बजेट (रु. हजारमा) | | |
|---|---|---|---|---|
| | | पुंजिगत | चालु | जम्मा |
| १ | बौद्ध दर्शन प्रर्वद्धन तथा गुम्का विकास समिति | | १०० | १०० |
| २ | आदिबासी जनजाति उत्थान प्रजा समेत | ३०० | | ३०० |
| ३ | उपेक्षित, उत्पिडित तथा दलित वर्ग उत्थान तथा विकास कार्यक्रम | ५८० | | ५८० |
| ४ | पिछडिएको समुदाय उत्थान विकास समिति | ७०० | | ७०० |
| ५ | वादि समुदाय उत्थान विकास समिति | ३०० | | ३०० |
| ६ | जिल्ला विकास समिति अनुदान | ३२४९२ | ३२९९२ | ६५४८४ |
| ७ | गाउँ विकास समिति अनुदान | २२४१७ | १०७००५ | १२९४२२ |
| ८ | नगरपालिका अनुदान | ४९३९ | ७०३१३ | ७५२५२ |
| ९ | ग्रामिण खानेपानी तथा सरसफाई आयोजना) | १६५० | ३८५० | ५५०० |
| १० | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | | १०००० | १०००० |
| ११ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | | ७०४२ | ७०४२ |
| १२ | ग्रामीण पहुँच कार्यक्रम | | | ० |
| १३ | स्थानीय विकास शुल्क कोष | १३२७१ | २०७५८ | ३४०२९ |
| १४ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | ४९६०८ | | ४९६०८ |
| १५ | स्थानीय अग्रसरतालाई ज्ञान सीपसँग जोडने कार्यक्रम | | २००० | २००० |
| १६ | स्थानीयस्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार कार्यक्रम | | ६००० | ६००० |
| १७ | साना सिचाई नदि नियन्त्रण तथा अन्य पूर्वाधार | | ३३०० | ३३०० |
| १८ | राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम | १५०० | ५२५०० | ५४००० |
| | जम्मा बजेट | १२७७५७ | ३१५८६० | ४४३६१७ |

### ख). जिविसको आन्तरिक आय तर्फको

| | |
|---|---|
| राजश्व बांडफांड | रु २४२००.० हजार |
| पूंजीगत (अन्य आय) | रु. २२०००.० हजार |
| चालु | रु. ११०००.० हजार |
| जम्मा | **रु. ५७२०० हजार** |

### ग). अन्य विषयगत मन्त्रालय तर्फ

| क्र. सं. | मन्त्रालय | वार्षिक बजेट (रु. हजारमा) | | |
|---|---|---|---|---|
| | | चालु | पूँजिगत | जम्मा |
| १ | वन तथा भू-संरक्षण | ४२७३.५ | २५८६.१ | ६८५९.६ |
| २ | शिक्षा | ४०९४१२.३ | १३९१.५ | ४१०८०३.८ |
| ३ | कृषि विकास | ४०६३४ | ८४७ | ४१४८१ |
| ४ | स्वास्थ्य तथा जनसंख्या | ९१०२९.४ | ८८५०३.८ | १७९५३३.२ |
| ५ | सहकारी तथा गरिवी निवारण | | | |
| ६ | महिला, वालवालिका तथा स.क. | १२१८२.५ | १७९०.८ | १३९७३.३ |
| ७ | शहरी विकास | १०२५९.७ | ४३३८७.३ | ५३६४७ |
| | **जम्मा** | **५६७७९१.४** | **१३८५०६.५** | **७०६२९७.९** |

## योजना छनौटका आधार तथा सूचकहरु

१. जिल्ला आवधिक योजना, शिक्षा योजना, जिल्ला यातायात गुरु योजना, र कृषि योजनाले प्राथमिकता दिएका योजनाहरु,

२. वस्तुगत विवरण, श्रोत नक्सा, गरिवी नक्शांकनले औंल्याएका स्थान तथा वर्गलाई सहयोग पुग्ने योजनाहरु,

३. गरिवी निवारणमा सहयोग पुऱ्याउने कार्यक्रम,

४. सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाइदा हुने तथा रोजगार प्रवर्द्धन हुने आयमूलक कार्यक्रमहरु,

५. कृषि उत्पादन वृद्धि गर्न सघाउ पुग्ने कार्यक्रमहरु,

६. छोटो समयमा सम्पन्न भई वढी प्रतिफल दिने कार्यक्रम,

७. कम लगानीबाट वढी नागरिकलाई लाभ पुऱ्याउने कार्यक्रम,

८. वढी भन्दा वढी स्थानीय वासिन्दाहरुको सहभागिता र श्रम प्राप्त हुने आयोजना/कार्यक्रमहरु,

९. हरेक योजनाको जन्म वस्तीबाट हुन्छ भन्ने सिद्धान्तलाई पालना गरेका योजना,

१०. पिछडिएका तथा उत्पीडित जाति, जनजाति, मुश्लिम, सिमान्तकृत एवं महिला, वालवालिकाको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु,

११. स्थानीय श्रोत, साधन, सीप र क्षमताको परिचालनबाट सञ्चालन हुन सक्ने कार्यक्रमहरु,

१२. दैविप्रकोप नियन्त्रण तथा वातावरण संरक्षणमा सघाउ पुऱ्याउने कार्यक्रहरु,

१३. गा.वि.स./न.पा सँग सम्बन्धित राष्ट्रिय प्राथमिकता कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमहरु ।

# योजना छनौट तथा प्राथमिकिकरण सम्बन्धी फारामहरु
## फारम नं. १

## आ.व............को लागि योजना प्राथमिकताक्रम निर्धारण फाराम

**गाविसको नामः-** ................................................................................... ईलाका नं.:- ................

| क्र.सं. | योजनाको नाम | वडा नं. | वस्तिको नाम | राष्ट्रिय प्राथमिकता ३५ | | | | | | | जम्मा (३५) | स्थानीय प्राथमिकता ३० | | | | | | जम्मा (३०) | आयोजनाको प्राथमिकता | | | | | | जम्मा (३५) | कूल जम्मा १०० | प्राथमिकताको आधारमा क्र.सं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कम लागत | आय मूलक | उत्पादक मूलक | रोजगार मूलक | गरिबि निवारण | आधारभूत आवश्यकता | भौगोलिक विकटतम् | | स्थानीय श्रोत | जनशक्ति परिचालन | संस्थाको योगदान | पिछडिएका जनजाती | महिला सहभागिता | संचालन | | आयोजनाको ज्ञान | उ.स.गठन प्रकृया | योजना माग प्रकृया | जनसहभागिता | मर्मत संभार पक्ष | दिर्घकालिन फाईदा | | | | |
| | | | | (५) | (५) | (५) | (५) | (५) | (५) | (५) | | (५) | (५) | (५) | (५) | (५) | (५) | | (६) | (६) | (६) | (६) | (६) | (५) | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

# फारम नं. २

## ईलाका स्तरमा योजना माग फारम

**गाविसको नामः- ..................................................................................** ईलाका नं.:- .................

| सि.नं. | शीर्षक | आयोजनाको नाम | वार्ड र स्थान | प्राथमिकिकरण | प्रमुख ६ आयोजना | लक्ष्य | लाभान्वित जनसंख्या | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| **क) कृषि वन तथा वातावरण समिति** | | | | | | | | | |
| १ | कृषि विकास | | | | | | | | |
| २ | पशु विकास | | | | | | | | |
| ३ | पर्यटन विकास | | | | | | | | |
| ४ | वन | | | | | | | | |
| ५ | भू-संरक्षण | | | | | | | | |
| ६ | वातावरण संरक्षण | | | | | | | | |
| ७ | सामुदायिक वन | | | | | | | | |
| **ख) पूर्वाधार संरचना विकास समिति** | | | | | | | | | |
| १ | मोटर बाटो | | | | | | | | |
| २ | ढल निर्माण | | | | | | | | |
| ३ | झो. पुल | | | | | | | | |
| ४ | खानेपानी तथा सरसफाई | | | | | | | | |
| **ग) जनसंख्या, स्वास्थ्य तथा सामाजिक समिति** | | | | | | | | | |
| १ | जनसंख्या | | | | | | | | |
| २ | स्वास्थ्य | | | | | | | | |
| ३ | शिक्षा | | | | | | | | |
| **घ) जलश्रोत तथा भूमि व्यवस्थापन समिति** | | | | | | | | | |
| १ | सिंचाई | | | | | | | | |
| २ | नदी नियन्त्रण तटवन्ध | | | | | | | | |
| ३ | विधुतिकरण | | | | | | | | |
| **ङ) महिला, बालबालिका तथा गैर सरकारी संस्था समन्वय समिति** | | | | | | | | | |
| १ | महिला तथा वालवालिका विकास | | | | | | | | |
| २ | दलित उत्पीडित उत्थान कार्यक्रम | | | | | | | | |
| **च) मानवीय संसाधन संस्थागत विकास तथा समन्वय समिति** | | | | | | | | | |
| १ | घरेलु उधोग | | | | | | | | |

नोटः १) प्रत्येक समितिको लागि बढीमा २ वटा योजना छनौट गर्न सकिने र बढीमा ६ योजनाहरु मात्र समावेश गर्नु पर्ने

२) लक्ष्यमा इकाई, संख्या, जना, वटा, कि.मी., हेक्टर, टन, के.जी. आदिमा उललेख गर्ने